का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १७१
❐ २२ साउन २०७८, शुक्रबार
❐ 6 August 2021, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

कोभिड-१९ को १९ महिना

# संक्रमणबाट ९,९९४ को मृत्यु



खोटाङको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-७ दोर्पा चिउरी बिरामीलाई उपचारका लागि काठमाडौं ल्याउने क्रममा । तस्वीर: केदार मगर, रासस

●●●

गएको वर्ष जेठ १ गते कोरोना संक्रमणबाट पहिलो मृत्यु भएको नेपालमा मृतक संख्या दश हजार नजिक पुगेको छ। बिहीबार थप ३७ जनाको मृत्यु भएसँगै मृतक संख्या ९९९४ पुगेको हो।

●●●

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ साउन ।

उत्तरी छिमेक चीनबाट फैलिएको विश्वव्यापी कोरोना महामारीको दोस्रो लहरले विश्व आक्रान्त छ। तर महामारी रोकथामको प्रयत्न सँगै सामान्यकालतिर फर्कने प्रयास भइरहेको छ । नेपालमा पनि दोस्रो लहरको महामारीका कारण जारी गरिएको निषेधाज्ञा अझै पूर्ण रुपमा खुल्न सकेको छैन । भीडभाड हुने क्षेत्र अझै खुल्न सकेको छैन । तर महामारी रोकथामको प्रयत्न भने कायमै छ ।

तर दोस्रो लहरको महामारीले नेपालमा पहिलो चरणमा भन्दा धेरै मानवीय क्षति पुगेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, संक्रमणबाट ज्यान गुमाउने संख्या दश हजार नजिक पुगेको छ । बिहीबार थप ३७ जनाको मृत्यु भयो । यो सँगै संक्रमणबाट मृत्यु हुनेको संख्या ९९९४ पुगेको स्वास्थ्य मन्त्रालयले नजाएको छ।

नेपालमा दोस्रो चरणको महामारी २०७८ को आगमनसँगै शुरु भएको थियो । तर यो चार महिनाभित्र अघिल्लो लहरको १४ महिना भन्दा धेरै संक्रमित थपिएका छन् । यसपटकको संक्रमणको खतरामा सवै उमेर समूह देखिए भने मृत्यु हुने संख्या पनि उच्च रह्यो । नेपालमा ९ माघ २०७७ मा पहिलो संक्रमण पुष्टि भएको पुष्टि भएको थियो। संक्रमण दर अघिल्लो वर्ष असार-साउन पछि नै उच्च भएर गएको थियो । तर मंसिर-पुस पुग्दा भने तुलनात्मक न्यून भएर गयो ।

तर महामारी रोकथाममा भने राजनीतिक संकटका कारण आवश्यक तयारी पुगेन । त्यसबेला सरकारको नेतृत्व गरिरहेको साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) पार्टीभित्रै आन्तरिक कलहका कारण विभाजित हुन पुग्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरी संसद् भंग गरे । त्यसपछि मुलुकमा एकसाथ संवैधानिक र राजनीतिक संकट देखियो ।

दलहरुमा सभा समारोहको प्रतिशपर्धा चल्यो। मुलुकमा दोस्रो लहरको महामारी आइसक्दा पनि आवश्यक मात्रामा स्वास्थ्य सामग्रीको व्यवस्था थिएन । भारत सरकारले अनुदानमा दिएको दश लाख खोप सबै आइसकेको थिएन। तर पनि राजनीतिक संकट कायमै थियो भने सरकारको ध्यान महामारी नियन्त्रणमा देखिएन । यस्तो अवस्थामा भित्रिएको दोस्रो लहरको महामारीले पहिलो लहर भन्दा दोब्बर बढीको ज्यान गएको छ । त्यसमा अक्सिजन, भेन्टिलेटर, स्वास्थ्यकर्मी देखि अस्पतालको अभाव कारण रह्यो ।

त्यसैले पनि नेपालमा महामारीबाट संक्रमित हुने र ज्यान गुमाउनेको संख्या उच्च भयो । नेपालमा २०७८ जेठ १ मा संक्रमणबाट ज्यान गुमाउने क्रम शुरु भएको थियो । पहिलो लहरको महामारीका क्रममा तीन हजारको हाराहारीमा मृत्यु भएको थियो। तर दोस्रो लहरको संक्रमणबाट चार महिना नबित्दै मृतक संख्या दश हजार नजिक पुगेको छ । संक्रमित हुनेको संख्या पनि उच्च दरमै छ। बिहीबार थप तीन हजार सात जनामा संक्रमण पुष्टि भएको छ । यो सहित मुलुकमा संक्रमित हुनेको संख्या लाख लाख ८ हजार ७९ पुगेको छ । त्यसमध्ये ६ लाख ६३ हजार ६६३ जना संक्रमित निको भएका छन् ।

अझै ३४ हजार ४२२ जना संक्रमित उपचारत छन् । कोरोना संक्रमणका कारण भएका मानवीय असर र क्षतिको अवस्था हो, यो । महामारीका कारण उत्पन्न मनोवैज्ञानिक असरको कुनै मापण छैन । कोरोना महामारी रोकथामका निमित्त महिनौ लकडाउन र निषेधाज्ञा गर्नु परेको छ। जसको कारण मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत क्षेत्र अस्तव्यस्त बनेको छ। अझ सरुवा रोग विशषेज्ञहरुले तेस्रो लहरको चेतावनी दिइरहेका छन् ।

# दबाबमा ओली–नेपाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन ।



पार्टी एकता जोगाउन दश बुँदे सहमति गरेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपाल समूह बीच सहमति जुट्न सकेको छैन । अध्यक्ष ओली प्रधानमन्त्रीबाट पदच्यूत भएर बालकोट फर्किए पछि आक्रोशि देखिदै आएका छन् भने नेता नेपाल सम्मानजनक एकता भनिरहेका छन् ।

तर दुवै तर्फ पार्टी एकतामा जोड दिनुपर्ने संख्या बढेर गएको देखिन्छ । २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना भएपछि प्रमुख प्रतिपक्षी बनेको एमालेमा एकता पक्षधर नेताहरुको संख्या बढेर गएको छ । नेताहरुको दबावकै कारण अध्यक्ष ओली र नेता नेपाल समेत एकताको अभिव्यक्ति दिइरहेका छन् । तर आ-आफ्नो समूहको गतिविधि भने रोकेका छैनन् ।

संसद् पुनर्स्थापना भएपछि अध्यक्ष ओलीले आफू निकट स्थायी कमिटी र केन्द्रीय कमिटी बैठक राखिसकेका छन्। स्थायी कमिटी बैठकबाट एकल रुपमा दशौं महाधिवेशनको कार्यतालिका समेत तय गरिसकेका छन् । जसलाई अनुमोदन गराउन साउन २४ मा केन्द्रीय कमिटी बैठक बोलाएका छन् ।

उता, बिहीबारबाटै नेता नेपाल समूहको केन्द्रीय कमिटी बैठक शुरु भएको छ । बैठकमा केन्द्रीय कमिटीका अधिकांश सदस्यले पार्टीको आन्तरिक समस्या समाधान कार्यदलले दिएको सुझाव र पहलबमोजिम एकताबद्ध पार्टी निर्माणको दिशामा अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।

> नेकपा एमालेमा समानान्तर गतिविधि चलाइरहेका बरिष्ठ नेता माधवकुमार नेपाल समूहले पार्टी एकतामा जोड दिने संकेत दिएको छ। बिहीबार देखि बानेश्वरको बुद्धनगरमा शुरु भएको केन्द्रीय कमिटी बैठकमा नेताहरुले एकतामै पार्टीको हित हुने बताएका छन्।

बैठकमा आफूहरू वर्तमान सरकारमा सहभागी हुने सम्भावना नभएको र प्रतिपक्षमा रहने भन्ने विषयमा दुईमत नभएको स्थायी कमिटीका सदस्य रघुजी पन्तले बताए। बैठकपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै पन्तले अध्यक्ष ओली र नेता नेपाल पक्षका कार्यदलका नेताहरूले पहल जारी राखेकाले समझदारी हुने विश्वास व्यक्त गरे । "हामी एकतातर्फ अघि बढिहरहेका छौँ । एकतातर्फ हामा पाइला अगाडि बढेका छन् । वार्ता जारी छ । दुवैतर्फको वार्ता टोली वार्तामा छन् । वार्ता निरन्तर अगाडि जारी रहनेछ" पन्तले भने, "हामी सरकारमा जाने कुनै सम्भावना छैन । हामी एउटै पार्टीमा छौँ । प्रतिपक्षमा छौँ ।"

उनले सुकुम्बासी आयोगलाई सरकारले खारेज गरेका विषयमा चासो व्यक्त गर्दै सुकुम्बासी समस्या समाधान गर्ने गरी सरकारले त्यही आयोगलाई थपघट गरेर नियुक्ति दिन पनि सक्ने तथा यस्ता विषयमा राष्ट्रिय सहमतिमा साथ अघि बढ्न सरकारले पहल गर्नुपर्ने बताए ।

बिमला वलीको वयान–

# मुख्यमन्त्रीको निवासमा बन्धक बनाइयो

**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, २१ साउन ।

लुम्बिनी प्रदेशसभा सदस्य विमला खत्री वलीले आफूलाई मुख्यमन्त्री शंकर पोखरेलको निवासमा पाँ दिनसम्म बन्धक बनाएको आरोप लगाएकी छन् । बुधबार उनले पत्रकार सम्मेलन गरी १५ साउनदेखि २० गतेसम्म मुख्यमन्त्रीको निवासमा निगरानीमा जबरजस्ती राखेको, विभिन्न माइन्युट र विज्ञप्तिमा पढ्न नदिइ जबरजस्ती हस्ताक्षर गराएको बताएकी छन् ।

आफुलाई तीन महिना देखि नै एमालेले पार्टी प्रवेशका लागि दबाब दिइरहेको र अनेक प्रलोभन देखाएको पनि उनले बताएकी छन् । "मैले पटकपटक उहाँहरुलाई एकपटक दल रोजिसकेँ, अब म यही माओवादी पार्टीमा रहन्छु भनेर भनेँ । तर उहाँहरुले मलाई अनेक बहाना र दबाब दिएर पार्टीमा जानुपर्छ भन्नुभयो", वलीले भनिन् ।

सांसद वलीले साउन १५ गते नेकपा एमाले प्रमुख सचेतक भूभिश्वर ढकाल र नेता मानबहादुर राउत तुलसीपुरस्थित आफ्नो घरमा पुगेको र पार्टी प्रवेशको प्रस्ताव गरेको बताएकी छन् । उनले आफुले पार्टी प्रवेश नगर्ने बताएपछि अरु बहाना खोजेको बताइन् । आफू उपचारका लागि नेपालगञ्ज जान लागेको बताएपछि प्रमुख सचेतक ढकालले 'हामी पनि नेपालगञ्ज जाने हो । सँगै जाऔं' भनेको उनले सुनाइन् ।

तुलसीपुरबाट नेपालगञ्जतिर जानुपर्नेमा गाडी बुटवलतिर मोडेको जानकारी दिदै भनिन्, "मैले यसो किन गर्नुभयो भनेर लगातार प्रतिवाद गरिरहें । उहाँहरुले एक पटक मुख्यमन्त्रीलाई भेट्नुपर्यो भनेर गाडी नरोकी एकैपटक मुख्यमन्त्री निवासमा पुर्याइयो ।" उनका अनुसार, मुख्यमन्त्री बाँकी पृष्ठ २ मा

इजरायल रोजगारीमा चलखेल बढेपछि विभागले भन्यो–

# 'इजरायल जाने नाममा कसैलाई रकम र राहदानी नबुझाउनू'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ साउन

आकर्षक मानिएको इजरायलको रोजगारीका जाने कामदार छनोटअघि मोलमोलाई र सोर्स फोर्सको दबाब बढेपछि वैदेशिक रोजगार विभागले सार्वजनिक सूचना जारी गरी सबैलाई सतर्क रहन आग्रह गरेको छ। विभागले गत हप्ता २१ दिनको सूचना दिएर आवेदन माग गरेपछि अनावश्यक चलखेल बढेको सार्वजनिक भएको हो । ५ वर्षका लागि जाने कामदारले मासिक पौने दुई लाख रुपैयाँ हाराहारीमा कमाउने भएपछि चलखेल बढेको हो ।

विभागले सूचना जारी गर्दै इजारायलका स्याहार केन्द्रहरुमा पठाइदिने भनी कामदार छनोट प्रक्रियामा निजी क्षेत्र म्यानपावर कम्पनी, कन्सल्टेन्सी, एजेन्सी एवं व्यक्तिको कुनैपनि प्रकारको भूमिका र संलग्नाता नरहने बताएको छ ।

सहयोगी कामदार छनोटमा केबल नेपाल सरकार र इजरायल सरकारबीचको सम्झौता अनुसार गरिने भन्दै विभागले भनेको छ, 'अँग्रेजी भाषको परीक्षाबाट छनोट भएका मध्येलाई अन्तर्वार्तामा बोलाइने छ । अन्तर्वार्ताबाट छनोट भएपछि रोष्टरमा नाम समावेश गरी कामदार छनोटका लागि इजरायल पठाइने छ। कामदार छनोट प्रक्रिया पूर्णरुपले निष्पक्ष हुने छ ।

यसअघि इजरायल जाने एक हजारमध्ये २ सय ५० जनाको कोटा आफ्नो संस्थाले विभागसँग सम्झौता गरी लिएको भन्दै एक व्यक्तिले रकम र राहदानी संकलन गर्न आफ्ना सहयोगीलाई भनेको अडियो मध्यान्हले सार्वजनिक गरेको थियो ।

उक्त अडियोमा आफ्नो ध्यानाकर्याण भएको जनाउँदै विभागले भनेको छ, 'इजरायलमा केयर गिभरमा सेन्टरमा पठाइने नेपाली सहयोगी कामदार छनोटका लागि कुनै निजी संस्थासँग सम्झौता नभएको तथा अनुमति प्रदान नगरिएकाले यस प्रकारको भ्रमपूर्ण समाचारमा विश्वास नगर्न र राहदानी लगायत कुनैपनि कागजात वा रकम नबुझाउन अनुरोध गरिन्छ ।'

उचाई कम्तीमा १.५ मिटर र कम्तीमा ४५ किलो तौल भएको, कम्तीमा १० कक्षा उत्तीर्ण गरी अ.न.मी. वा सि.एम.ए. सम्बन्धी विषयमा १५ महिनाको अध्ययन वा १२ कक्षा वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङ सम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएका २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेका युवा युवती आवेदनका बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## नेपालीलाई यूएई प्रवेश खुला, कुवेतमा अझै प्रतिबन्ध

**काठमाडौं/मस–** संयुक्त अरब इमिरेट्स (यूएई)ले उक्त मुलुक जाने नेपालीलाई अनिवार्यरुपमा १० दिन घर क्वारेन्टिन बस्नुपर्ने बताएको छ । मंगलबार नेपालसहित ६ देशका यात्रुलाई प्रवेश अनुमति दिने निर्णय गरेको यूएईले कोरोनाविरुद्धको दोस्रो डोज लगाएको १४ दिनपछि मात्र आफ्नो देशमा प्रवेश गर्न पाउने बताएको थियो ।

बिहीबार यूएईको सिभिल एभिएसन अथोरिटीले त्यसमा थप प्रष्ट पार्दै नेपालीले यूएई प्रवेश गरेपछि विमानस्थलमा पीसीआर परीक्षण गरी कम्तीमा दश दिन घरमा क्वारेन्टिनमा बस्नुपर्ने बताएको छ । नेपालबाट जाँदा ७२ घण्टा अघिको पीसीआर परीक्षणको नेगेटिभ रिपोर्ट हुनुपर्छ ।

यूएईले नेपालसहित भारत, पाकिस्तान, श्रीलंका, नाइजेरिया र युगान्डामा आवासीय अनुमति पाएका चिकित्सक, बाँकी पृष्ठ २ मा

## मलेसियामा कोरोनाबाट मृत्यु हुने नेपालीको संख्या बढ्दै

**काठमाडौं/मस–** मलेसियामा कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण नेपाली कामदारहरुको मृत्यु हुने क्रम बढेको छ। कोरोनाबाट पछिल्ले पटक बुधबार गोरखा नगरपालिका १० बिरेन्चोकका बहादुर आले मगरको मृत्यु बाँकी पृष्ठ २ मा

विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेल:
ad.madhyanha@gmail.com मा
पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298, 4226366
मो. नं.: 9841885670

अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरूमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरूमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस.एम.एस.. सामाजिक सञ्चाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ‘भूमि आयोग खारेज गर्ने सरकारको निर्णय असंवैधानिक’

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २१ साउन



सरकारले भूमि सम्बन्धी समस्या समाधान आयोग खारेज गरेपछि जिल्ला आयोगले औपचारिक रुपमा असन्तुष्टि पोखेको छ। भूमि सम्बन्धी समस्या समाधान आयोग कञ्चनपुरले आयोग खारेज गर्ने सरकारको निर्णयलाई जनविरोधी कदम भन्दै असन्तुष्टि व्यक्त गरेको हो ।

‘सरकारको यो आयोग खारेज गर्ने निर्णय असंवैधाननिक, अलोकतान्त्रिक, अनैतिक र प्रतिगमनकारी कार्य हो,’ आयोगको कञ्चनपुर कार्यालयले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष कमला बोहराले भनिन्, ‘जनतालाई जग्गाको मालिक बनाउन रोक्न जनविरोधी कार्य गरियो ।’

अध्यक्ष बोहराले सरकारले आयोग खारेज गरी निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको समृद्धिको सपनालाई तुषारापात बनाएको बताइन्। ‘यो परमादेशको सरकारले प्रतिगमन गरी आयोग हटाएर प्रधानमन्त्री ओलीको समृद्धिको सपनामा तुषारापात ल्याएको छ, यो सरकारलाई आयोगको कामकाज गर्ने अधिकार नै थिएन ।’

संसदबाट भूमि सम्बन्धी ऐन पारित गरी तीन वर्षका लागि आयोग बनाएकाले सरकारले राजनीतिक पूर्वाग्रह राखेर आयोग खारेज गरी भूमिहीनलाई जग्गाको मालिक बन्न रोकेको अध्यक्ष बोहराले बताइन् ।

‘संसदबाट भूमि सम्बन्धी ऐन पारित भयो, त्यही ऐनका आधारमा आयोग बन्यो, कार्यविधि बनाइयो, त्यसका आधारमा कामकाज बढेको थियो’ उनले भनिन्, ‘अहिलेको सरकारले यो भूमिको समस्यालाई वर्षौंसम्म ज्यूँकात्यूँ राख्न हतास भएर आयोग नै खारेज गरिदियो, यो कुनै पनि हालतमा खारेज गर्न पर्दैन्थ्यो ।’

अध्यक्ष बोहराले आयोग खारेजविरुद्ध जनता सडकमा जाने र आफूहरु अदालत गुहार्ने बताइन् । ‘यो जन विरोधी कार्यविरुद्ध जनता सडकमा जान्छन्, हामी अदालत जान्छौं’ उनले भनिन् ।

कञ्चनपुरमा पाँच महिना अघि बोहराको अध्यक्षतामा आयोग गठन गरिएको थियो । आयोगमा किशोर कुमार लिम्बु र रमेश भट्ट सदस्य थिए। कञ्चनपुरमा कृष्णपुर नगरपालिकाबाट भूमि आयोगले काम शुरु गरेको थियो ।

सरकारले आयोग खारेज गरेपछि जिल्ला आयोगले पत्रकार सम्मेलन गरी असन्तुष्टि पोखेको हो । पत्रकार सम्मेलनमा अध्यक्ष बोहरा र सदस्य लिम्बु सहभागी भएका थिए। अर्का सदस्य भट्ट जिल्ला बाहिर भएका उनी अनुपस्थित थिए ।

पत्रकार सम्मेलनमा अध्यक्ष बोहराले पाँच महिने अवधिको प्रगति विवरण सार्वजनिक गरिन् । पाँच महिना आयोगले भूमिहीन, अव्यवस्थित बसोबासीको लगत संकलन गरी जग्गाधनी पूर्जाका लागि जग्गा नापी काम अघि बढाएको छ ।

आयोगले साउन मसान्तमा एक हजार वासिन्दालाई पूर्जा दिने तयारी अन्तिम अवस्था पुर्‍याएको थियो। आयोगको कार्यविधि अनुसार अनुसूची २ अनुसारका विगतका आयोग र कार्यदलले जग्गा नाप जाँच गरी जग्गा दिन नसकिएका परिवारलाई जग्गाधनी पूर्जाको अन्तिम चरणमा पुगेको अध्यक्ष बोहराले बताइन् ।

‘फिल्ड बुक र नक्सा खोजी गरिरहेका थियौं, नक्साको ब्लुप्रिन्टका लागि नापीसँग सहयोग मागेका थियौं, केही स्थानबाट नक्सा आइसकेको थियो, श्रेष्ता तयार गरी पूर्जा उठाउने तयारी लगलभग सबै सकिएको थियो,’ अध्यक्ष बोहराले भनिन्, ‘यो काम पनि हुन सकेन, अन्तिममा पुगेर रोकियो ।’

नापी कार्यालयबाट अपेक्षितरुपमा सहयोग पाउन नसक्दा आयोगका कामकाजमा केही अवरोध देखिएको अध्यक्ष बोहराले बताइन् । ‘नक्सा सहितका कागजात माग गर्दा आशा अनुसार सहयोग पाउन सकिएन, त्यसले अहिले केही समस्या भयो, नापी बल्ल सकारात्मक भएको बेलामा आयोग खारेज हुन पुग्यो,’ उनले भनिन् ।

आयोगले अनुसूची २ अनुसार ६ हजार ४ सय २४ जनाको लागत संकलन गरेको छ। यसैगरी अनुसूची ३ अनुसार भूमिहीन दलित ४ हजार २ सय ६५ र अनुसूची ४ अनुसारका ६० हजार ९ सय २६ अव्यवस्थित बसोबासी परिवारको लागत संकलन गरिएको छ ।

संविधानमा भूमिहीन दलितलाई एक पटक जग्गा दिएर जग्गाको मालिक बनाउने संवैधानिक व्यवस्था छ । त्यस अनुसार आयोगले अनुसूची ३ बनाएर दलित भूमिहीनको छुट्टै लगत लिएको हो ।

दलित भूमिहीनमा सबैभन्दा बढी भीमदत्त नगरपालिकामा एक हजार ८ सय ११ को लागत संकलन गरिएको छ। यसैगरी बेदकोटमा ५ सय ७१, शुक्लाफाँटामा २ सय ६६, कृष्णपुरमा १ सय ९४, लालझाडीमा ९८, पुनर्वासमा ७ सय ३३, बेलौरीमा २ सय २३, बेलडाँडीमा ३ सय ३७ र दोधारा चाँदनीमा २ सय ६६ को तथ्यांक संकलन गरिएको छ।

अव्यवस्थित बसोबासीमा सबैभन्दा बढी कृष्णपुर नगरपालिकामा १५ हजार १ सय ९४ जना छन् । भीमदत्त नगरपालिकामा ७ हजार ९ सय ३, बेदकोटमा ९ हजार २ सय २२, शुक्लाफाँटा नगरपालिकामा ११ हजार ६ सय ४८, लालझाडीमा ३ हजार २ सय १६, पुनर्वासमा ३ हजार ५ सय ७५, बेलौरीमा ४ हजार ९ सय १६, बेलडाँडीमा ४ हजार ३ सय ६ र दोधारा चाँदनीमा २ सय ६६ जना छन् ।

विगतका आयोग र कार्यदलले जग्गा धनी पूर्जा वितरणका लागि प्रक्रिया अघि बढाएर पाउन नसकेका ६ हजार ४ सय २४ जना छन् । आयोगले केही दिनअघि जग्गाको राजश्व घटाएर ३ देखि ५ प्रतिशत पुर्‍याउन केन्द्रीय आयोगमार्फत सरकारलाई दबाब दिएको थियो । भूमि सम्बन्धी समस्या समाधान आयोगका सदस्य लिम्बुले आयोगको कामकाज शुरु भएपछि राजश्व घटाउनुपर्ने माग सबै क्षेत्रबाट आएकाले केन्द्रीय आयोग मार्फत सरकारसँग माग गरिएको बताए। ‘कार्यविधिमा जग्गाधनीबाट ८ सयदेखि २ सय प्रतिशतसम्म राजश्व लिने भन्ने कुरा थियो, फिल्डमा काम गर्दै जाँदा त्यो जनपक्षीय देखिएन, त्यसपछि त्यसलाई घटाउनुपर्ने माग राखेर सरकारसम्म पुर्‍याएका छौं’ उनले भने ।

# दार्चुला तुइन घटना : ‘घटनाको सत्यतथ्य पत्ता लगाएरै छोड्छौं’

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला साउन २१



तुइन घटनामा बेपत्ता भएका जयसिंह धामी घटनाको छानबिन गठित समितिले छानबिन शुरु गरेको छ। टोली बिहीबार भारतीय बाटो हुँदै गस्कु मालघाट पुगेर छानबिनपछि जिल्ला सदरमुकाम दार्चुला आइपुगेको छ ।

गृहमन्त्रालयका सहसचिव एवं छानबिन समितिका संयोजक जनार्दन गौतम नेतृत्वको टोली घटनास्थल पुगेर जिल्ला सदरमुकाम दार्चुला आइपुगेको सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्स्नता भट्ट जोशीले मध्यान्हलाई जानकारी दिइन् । तुइन घटनाको बास्तविकतामा गहिरो ढंगबाट जानुपर्ने भएकाले केही समय लाग्ने उनको भनाइ छ । ढिलै भएपनि घटनाको सत्यतथ्य पत्ता लगाएरै छोड्ने उनको भनाइ छ ।

धामी घटनाको समितिका संयोजक टोली प्रमुख जनार्दन गौतम, नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक पुरुषोत्तम कडेँल, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक हुतराज थापा, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुरेश कुमार श्रेष्ठ र जिल्ला प्रशासन कार्यालय, दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्ट जोशी रहेकी छन् । छानबिन टोली बाहेक सशस्त्र प्रहरी ४४ नम्बर गण दार्चुलाका गणपति एसपी नरेन्द्र बम तथा जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी प्रमुख डिएसपी मनोहर प्रसाद भट्ट टोलीसँगै घटनास्थल तर्फ गएको सहायक प्रजिअ जोशीले बताइन् ।

त्यसैगरी नेपाली छानबिन टोलीसँग भारतको डिडिहाटका एसएसबी कमाण्डेन्ट महेन्द्र प्रताप र अन्य दुई जना एसएसबी अधिकारी घटनास्थल गस्कु तर्फ गएको स्रोतले जनाएको छ । उक्त टोलीले नेपाल भारत जोड्ने तुइन लगाएको ठाउँ तथा घटन स्थलको अवलोक गरेका छन् ।

धामी घटनाको छानबिन टोलीले १० दिनभित्र प्रतिवेदन बुझाइ सक्नुपर्नेछ ।

# गरुडा नगरपालिकाका नगरप्रमुखले मनोमानी गरेको आरोप

**ललन कुमार चौरसिया/मध्यान्ह**
रौतहट, २१ साउन




रौतहटको नमुना नगरपालिकाको रुपमा रहेको गरुडा नगरपालिकामा पछिल्लो समय नगरप्रमुखले मनोमानी गरेको गुनासो बढ्न थालेको छ ।

स्थानीय तहको चुनावमा तत्कालिन मधेशी जनअधिकार फोरम नेपाल तथा वर्तमान जनता समाजवादी पार्टीबाट नगरप्रमुख पदमा निर्वाचित इन्दु राय यादवले नगरपालिका सम्पुर्ण जिम्मेवारी आफ्नो छोरालाई दिइएको स्थानीयहरुले गुनासो गरेका छन्। नगरपालिकाको सम्पुर्ण कागजात मेयर यादवले हेर्न असमर्थ रहेपछि नगरउपप्रमुख रंगीला देवी रहेपनि कार्यभारको जिम्मेवारी नगर उपप्रमुखलाई नदिई सम्पुर्ण कागजात हेर्न अधिकार आफ्नो छोरालाई दिएका छन् । मेयरले बोर्डको निर्णय बिना नै आफ्नो मनोमानी गरेको स्थानीयहरुले बताएका छन् ।

नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको दरबन्दी नहुँदा खानेपानी डिभिजन कार्यालय गौरसदरमुकामका इन्जिनियर मुस्ताक आलमलाई आन्तरिक सेटिङमा नगरपालिकाको नियमित प्रमुख प्रशासकीय अधिकृत बनाएको दिनदेखि नै नगरपालिकामा द्वन्द्व उत्पन्न भएको स्थानीयहरुको आरोप छ। कुनै योजनाको फाइल लिएर जाँदा आफ्नो मनोपोली कार्य गर्ने गरेको समेत स्थानीयको आरोप लगाएका छन् ।

दुईवटा वडा अध्यक्षाको कोरोनाले मृत्यु भएपछि कार्यवाहक वडा अध्यक्ष जेष्ठ वडा सदस्यमध्ये बन्ने प्रावधान रहेपनि मेयर यादवको छोराले विभिन्न बहानाबाजी गर्दै सो वडाका सम्पूर्ण कार्य नगरपालिकाबाटै हुने अडान राखेपछि स्थानीयहरु आक्रोसित बन्दै आएका थिए। २०७३ सालका तत्कालिन प्रमुख जयनारायण श्रीवास्तवको पालामा साविक गरुडा ९ हाल गरुडा ४ गरुडा बजारमानगरपालिका भवन निर्माण गर्नका लागि जिल्ला रौतहट साविक गरुडा गाविस गरुडा वडा न.९ किता नं. १३६ र सोसँगै जोडिएको जग्गा क्षेत्रफल ०१- ७-० मा माटोको जाँच भई सकेको हुँदाँ सोही स्थानमा नगरपालिका भवन निर्माण गर्नुपर्ने, नगरपालिकाबाट आर्थिक वर्ष २०७७/७८ सालमा सम्पूर्ण कामकाजको खर्च विवरणहरु सार्वजनिक गर्नुपर्ने, गरुडा नगरपालिका वडा नं. २ गेडीगुठीका अध्यक्ष विसुन देव सहनी तथा वडा नं. ७ का वडाध्यक्ष राम इश्वर रायको स्वर्गबाँस रहेकोमा वडा नं. २ र ७ को वडा समिति निर्णय अनुसार वडा नं. २ का कार्यवाहक वडाध्यक्ष शैलेन्द्र राय यादव र वडा नं. ७ को कार्यवाहक अध्यक्ष राम सुन्दर प्रसादको नाम सिफारिस भई आएकोमा सोही बमोजिम कार्यन्वयन गर्नुपर्ने स्थानीयले माग गर्दै आएका छन् ।

# जीवनको अन्तिम समयसम्म कालिकोटबासीको सेवामा लाग्छु: नेता शाही

**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, २१ साउ



नेपाल पत्रकार महासंघ कालिकोटले नेपाली कांग्रेस कालिकोटका युवा नेता भुपेन्द्रजंग शाहीको स्वास्थ्य लाभको कामना गरेको छ ।

केही महिना अघिमात्र हृदयघात भएर गम्भीर अप्रेशनपछि कालिकोट आएका शाहीलाई महासंघ कालिकोटले पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरी स्वास्थ्य लाभको कामना गरेको हो ।

पत्रकार महासंघ कालिकोटका अध्यक्ष भरतराज बिष्टको अध्यक्षता, कांग्रेसका प्रभावशाली युवा नेता तथा सुन्दर कालिकोट समृद्ध कालिकोटका सपनाकार भुपेन्द्रजंग शाहीको प्रमुख आतिथ्यता, प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य कालीबहादुर मल्ल, नेपाल प्रेस युनियन कालिकोटका अध्यक्ष तथा शिक्षा पत्रकार समुहका कर्णाली प्रदेश सचिव विष्णुप्रसाद न्यौपाने, नेपाल पत्रकार महासंघ कालिकोटका सचिव खडानन्द अधिकारी, पर्यटन पत्रकार संघ कालिकोटका अध्यक्ष प्रेम सिंखाडा लगायतका जिल्लामा क्रियाशील पत्रकार, नेपाली काँग्रेसका संगठन विभाग प्रमुख नन्दबहादुर शाही, नेविसंघका उपाध्यक्ष जगतजंग बिष्ट लगायतको उपस्थितिमा पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कालिकोटका अध्यक्ष भरतराज बिष्टले मृत्यु जितेर जिल्ला फर्किएका कांग्रेस नेता शाहीको स्वास्थ्य लाभको कामना गर्न महासंघले भेटघाट कार्यक्रमको आयोजना गरेको बताए । उनले कालिकोटका स्वर्गीय पत्रकार नमराज शर्मा बसन्तको नाममा पत्रकारिता पुरस्कार स्थापना गर्न महासंघलाई ५० हजार नगद सहयोग गर्नुका साथै कालिकोटका पत्रकारहरुको सुख दुखमा साथ दिने नेता भएकाले उनको सुख दुखमा पनि कालिकोटका पत्रकारहरुले साथ दिने बताए ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका युवा नेता भुपेन्द्रजंग शाहीले कालिकोटमा क्रियाशील पत्रकार तथा संचार माध्यमको जिल्लाको समग्र विकास निर्माणमा ठुलो भूमिका रहेको बताए। उनले आफुले भोगेको बिरामी कसैलाई पनि भोग्नु नपरोस् भन्दै सबैले आफ्नो स्वास्थ्यलाई ख्याल गरी काम गर्न आग्रह गरे। नेपाल तरुण दलका केन्द्रीय महासचिव समेत रहेका शाहीले भने, ‘सुन्दर कालिकोटलाई समृद्व बनाउने मेरो सपना बाँकी नै छ । २०७० सालमा भएको दोस्रो संविधान सभा निर्वाचन र २०७४ सालमा भएको प्रतिनिधि सभा निर्वाचनमा पराजय भए । म अहिलेसम्म राज्यको सामान्य पदमा पनि जान सकेको छैन। तर पनि यो जिल्लाको विकास निर्माण, सामाजिक सेवा र जनताको सुख दुखमा साथ दिने अभियान जारी नै राखेको छु।’ उनले आगामी दिनमा कुनै पनि राज्यको पदमा जाने अवसर कालिकोटबासीबाट प्राप्त गरे जन्मभुमीका लागि केही नमुना काम गर्ने योजना रहेको बताए ।

उनले आफ्नो जिवनको अन्तिम समयसम्म पनि कालिकोटको विकास निर्माण र कालिकोटका जनताको सुख दुखमा साथ दिने प्रतिबद्वता जनाए ।

कार्यक्रममा प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य कालिबहादुर मल्ल र नेपाल प्रेस युनियन कालिकोटका अध्यक्ष बिस्नप्रसाद न्यौपानेले कांग्रेस युवा नेता भुपेन्द्रजंग शाहीको पुर्ण स्वास्थ्य लाभको कामना गर्दै कालिकोटको संचार क्षेत्रको विकासमा सहयोग र समन्वयको अपेक्षा राखेका थिए । उनीहरुले कांग्रेस नेता शाही कालिकोटका सबै विचारमा आवद्व पत्रकारहरुका प्यारो नेता भएकाले कालिकोटका सबै पत्रकारहरुको साथ रहेको बताएका थिए । कार्यक्रममा सबै पत्रकारहरुले मृत्यु जितेर जिल्ला फर्किएका कांग्रेस नेता शाहीलाई अविर लगाएर स्वास्थ्य लाभको कामना गरेका थिए ।

# ६८ लाखको अवैध सामान बरामद

**कर्णाली/मस**– जिल्ला प्रहरी कार्यालय सुर्खेतले अवैध मालसमान ओसोरपसार कार्यमा संलग्नलाई कडाइ गरेको छ। प्रहरीले भन्सार छलेर अवैध तरिकाले विभिन्न जिल्लामा मालसमान भित्र्याउने कार्यमा संलग्नलाई धमाधम समात्न थालेको छ ।

प्रहरीले यो एक साताभित्र नेपालगञ्जदेखि छिन्चुतर्फ आउँदै गरेको कर्णाली प्रदेश ०२००१ख ००१२ बसमा लोड गरेको रु एक लाख ६५ हजार ६५७ को अवैध मालसमान, क.प्र.००२ ख ०१०९ बसमा राजस्व छली गरी अवैधरूपमा ल्याइएको रु तीन लाख २४ हजार १० र चितवनबाट सुर्खेततर्फ आउँदै गरेको प्रदेश नं ३-०१०२३ च ७१४२ नम्बरको जीपमा राजस्व छली ल्याइएको रु दुई लाख ८५७ बराबरको अवैध मालसमान बरामद गरेको थियो ।

दाङदेखि जाजरकोटसम्म रा१क ३७ नम्बरको मिनी ट्रकमा राजस्व छली अवैधरूपमा लैजाँदै गरेको रु तीन ९६ हजार, नेपालगञ्जदेखि सुर्खेतसम्म क.प्र.०२००१ ख ०३५१ नम्बरको ट्रकमा ल्याउँदै गरेको रु पाँच लाख ६८ हजार ३९९ को अवैध सिमेन्ट सरिया, नेपालगञ्जदेखि भे१ज ९४३ नम्बरको जीप र ना८ख १३७ नम्बरको फोर्स गाडीमा ल्याइएको रु सात लाख ६६ हजार ८० बराबरको अवैध मालसमान बराम गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी प्रमुख प्रहरी उपरीक्षक पदमबहादुर विष्टले जानकारी दिए। त्यस्तै काठमाडौंदेखि जुम्ला जाँदै गरेको ना६ख ६३३८ नम्बरको बसबाट रु ४० लाख २६ हजारको अवैध मालसमान बरामद गरिएको प्रहरी उपरीक्षक विष्टले बताए। ‘हामीले बुधबारसम्म अवैधरूपमा कर छली गरेर ओसारपसार गरिएको कुल जम्मा रु ६८ लाख ३४ हजार ४७९ बराबरको अवैध मालसमान बरामद गरेका छौं’ उनले भने, ‘त्यसमा संलग्न आठ सवारी चालकलाई पक्राउ गरी अनुसन्धान कार्य थालिएको छ।’ राज्यलाई कर छली गरी अवैध मालसमान ओसारपसार गर्नेलाई उच्च निगरानी राख्ने काम गरिएको उनले बताए ।

यता जिल्ला प्रहरी कार्यालय सुर्खेतका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रामप्रसाद घर्तीले अदालतको फैसला कार्यान्वयन अभियानअनुसार गएको सातासम्म २२ फरार प्रतिवादी पक्राउ गरेको बताए। उनका अनुसार पक्राउ पर्नेमा पाँच महिला र १७ पुरुष छन्। उनीहरुलाई २२ वर्ष आठ महिना २८ दिन कैद र रु ५९ हजार १०० जरिवाना तोकिएको छ ।

त्यस्तै लागुऔषध ब्राउन सुगरसहित १३ जनालाई पक्राउ र ६७ ग्राम ५१० मिलिग्राम लागुऔषध प्रहरीले बरामद गरेको छ। ‘यो साताभित्र २९७ भाडाबर्तनसहित नौ हजार १६२ लिटर तयारी तथा १६ हजार १८ कच्चा अवैध घरेलु मदिरा बरामद गरी नष्ट गरिएको छ,’ उनले भने, ‘दुई सय २० ग्राम गाँजा पनि बरामद गरिएको छ।’

त्यस्तै सुर्खेत प्रहरीले जुवाखालबाट रु दुई लाख १४ हजार ९७० बरामद गर्नुका साथै एक महिलासहित आठ जुवाडेलाई पक्राउ गरेको छ। एक लाख २३ हजारको ६१.५ क्युफिट साल सिसौको काठसहित दुई जनालाई पक्राउ गरी आवश्यक कारवाहीका लागि जिल्ला वन कार्यालय सुर्खेतमा पठाइएको प्रहरीले जनाएको छ ।

## बिमला...

निवासमा पुगेपछि मुख्यमन्त्री पोखरेलले पहिले स्थान नदिएर गल्ती गरेको र त्यसलाई सच्याउने भन्दै आश्वासन दिए ।

मुख्यमन्त्रीलाई पनि फेरि अब माओवादीमै रहने जवाफ दिएको उनले बताइन् । तर पार्टी प्रवेश गर्न इन्कार गरेपछि माइन्युट र प्रेस विज्ञप्तिमा पढ्न पनि नदिइ जबरजस्ती हस्ताक्षर गराइएको उनको भनाइ छ। “मैले निरन्तर इन्कार गरिरहें । साउन १६, १७ र १८ गतेसम्म मुख्यमन्त्री निवासबाट बाहिर निस्कनै नदिई दबाब दिइरह्यो”, वलीले भनिन् । साउन १९ गते पनि मुख्यमन्त्री निवासमै राखिएको उनले बताइन् ।

तर साउन २० गते मुख्यमन्त्री निवासबाट भागेर बाहिर निस्किएको उनको भनाइ छ । सबै आराम गरिरहेको बेला शौचालयको चप्पल लगाएर भागेको र माओवादी केन्द्रको संसदीय दलमा पुगेको उनले बताइन्। “भाग्ने त पहिल्यैदेखि प्लान गरेको थिएँ । कमला बिक माननीयले घर जान्छु भन्नुभयो। मैले हुन्छ भनें। त्यही बेला कसैलाई नदेखेपछि आएँ”, उनले भनिन् । मुख्यमन्त्रीको निवासबाट बाहिर आएपछि पनि घरपरिवारमा दबाब र तनाब दिने गरेको उनले बताइन्। मुख्यमन्त्री निवासमा बन्धक बनाएको बताउने उनले त्यसको कानुनी उपचार नखोज्ने बताएकी छन् । “मलाई जबरजस्ती बन्धक बनाउने काम गरियो । माइन्युटमा जबरजस्ती हस्ताक्षर गराइयो”, वलीले भनिन्, “यो कुरा मैले सबै भनें, अब म माओवादीमा छु, म यहाँबाट अन्त गएको पनि थिइन, जान्न पनि ।”

## इजरायल...

लागि योग्य मानिएका छन्। विभागले बिहीबारसम्म २० हजारको हाराहारीमा अनलाइनमार्फत आवेदन आएको बताएको छ ।

विभागले अनलाइन प्रणालीमा समस्या आएको भन्दै सोमबार बिहानसम्म आवेदन दिएकाहरूले पुनः आफ्नो विवरण रुजु गर्न निर्देशन दिएको छ । सोमबार बिहान १ बजेदेखि विभागको प्रणालीमा समस्या आएको थियो। जसका कारण आवेदनको प्रक्रिया नै अवरुद्ध भएको थियो ।

## नेपालीलाई....

नर्स तथा स्वास्थ्य क्षेत्रका प्राविधिक, शैक्षिक संस्थाका कर्मचारी र विद्यार्थी, मानवीय सेवाका कर्मचारी र यूएईको सरकारी कार्यालयमा कार्यरत कर्मचारीलाई प्रवेश दिने निर्णय गरेको थियो ।

नेपालमा कोरोना संक्रमण बढेपछि यूएईले प्रवेश प्रतिबन्ध लगाएको थियो । त्यसका कारण घर बिदामा आएका हजारौं नेपाली रोजगारीमा फर्किन पाएका छैनन्। यूएईस्थित नेपाली दूतावासले वैदेशिक रोजगारसहित सबै प्रकारका भ्रमणमा उक्त मुलुक जानेले अनिवार्यरुपमा क्यूआर कोडसहित कोरोना खोप प्रमाणीकरण गर्न आग्रह गरेको छ ।

यता अर्को खाडी मुलुक कुवेतले नेपालसहित ५ देशका नागरिकलाई पुनः आफ्नो देश प्रवेशमा प्रतिबन्ध लगाएको छ। कुवेतको स्वास्थ्य मन्त्रालयले नेपाल कोभिड संक्रमणको उच्च जोखिममा रहेको भन्दै अर्को सूचना जारी नभएसम्मका लागि नेपाली नागरिकलाई आफ्नो देश प्रवेशमा प्रतिबन्ध यथावत रहेको बताएको छ ।

कुवेतले नेपालसहित भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाकालाई उच्च जोखिमको सूचीमा राखेको छ। कुवेतबाट १० अगष्टपछि उडान प्रतिबन्ध फुकुवा भई घर बिदामा आउने नेपालीहरुलाई सहज हुने अपेक्षा थियो । तर कुवेतको पछिल्लो निर्णयले नेपालबाट रोजगारीमा कुवेत जाने र घर फर्किने कामदारहरुलाई समस्या परेको बताइएको छ ।

## मलेसियामा...

भएको हो । कोरोना संक्रमण भई विगत १२ दिनदेखि उपचाररत ४४ वर्षीय मगरको बुधबार बिहान मृत्यु भएको बताइएको छ ।

यसैहप्ताको मंगलबार पनि मोरङको सुनवर्सी नगरपालिका वडा न.६ रतुवामाईका ३६ वर्षका सुरेश कुमार दासको पनि कोरोनाका कारण निधन भएको थियो । सोही दिन कोरोना संक्रमणबाटै सुरक्षागार्डको रोजगारी गर्ने विरेन्द्रनगर नगरपालिका वडा नं. २ सुर्खेतका ४२ वर्षीय तुलाराम पुलामी र पर्सागढी नगरपालिका वडा न ४ का २९ वर्षीय सिकेन्द्र कुमार चौरसियाको पनि मृत्यु भएको थियो ।

मृतकहरुको शबको प्रक्रिया पूरा गरी मलेसियामा नै अन्तिम संस्कार गरिने नेपालीहरुले बताएका छन् । पछिल्लो एक महिनामा मलेसियामा कोरोना संक्रमणका कारण ३८ जना र अन्य विभिन्न कारणले २९ जना गरी ६७ जना नेपाली कामदारको मृत्यु भएको छ ।



म्याग्दीको रघुगंगा गाउपालिका वडा नं ८ कुइनेमंगलेको पात्लेखर्कका स्थानीयले झाम्रेबास भिरमा मह शिकार गर्दै । भिरमा चढेर काढ्ने मह बिक्रीबाट स्थानीयले आयआर्जन गर्ने गरेका छन् ।

*तस्वीरः रासस*

# इटहरीमा प्रशासनको मात्रै भर पर्दा लकडाउन लथालिङ्ग

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २१ साउन



नयाँ भेरियन्टसहित देखा परेको दोस्रो लहरको कोरोना संक्रमण न्यूनिकरणका लागि जिल्ला प्रशासन कार्यालय सुनसरीले जारी गरेको निषेधाज्ञा कागजमै सिमित बन्न पुगेको छ । प्रशासनले पछिल्लो समय जारी गरेको निषेधाज्ञालाई नजिकबाट नियाल्न नसक्दा चौतर्फी आलोचना र विरोधको सामना गर्नु परिरहेको देखिएको छ । स्थानीय तह अनुसार बजार सुदृढिकरण र संक्रमणको अवस्थालाई हेरेर कडाइका साथ लकडाउन गर्न सकिने भनिएपनि सकृय संक्रमित ४ हजार नाघेको शहरहरूमा अझैँ पनि लकडाउन हुन सकेको छैन । कोरोनाका कारण सुनसरीको १२ वटा स्थानीय तहहरूमध्ये धरान र इटहरी उपमहानगर सबैभन्दा बढी जोखिममा परेका छन् । इटहरीमा सकृय संक्रमितको संख्या ३ हजार माथि छ भने धरानमा ४ हजारको हाराहारीमा संक्रमित रहेका छन् । पछिल्लो एक साताको विवरण हेर्ने हो भने सुनसरीको धरानमा सबैभन्दा बढी संक्रमित थपिएका छन् । धरानमा ७३४ नयाँ संक्रमित थपिँदा इटहरीमा ३६३ नयाँ संक्रमित थपिएका छन् । योसँगै धरानमा मृत्युदर बढ्दो देखिएको छ भने इटहरीमा अन्य शहरको तुलनामा मृत्युदर कम रहेको पाइएको छ ।

प्रशासनले जारी गरेको निषेधाज्ञालाई नियमसंगत पालना गराउन नसक्नुले जिल्लामा संक्रमणको दर भयावह बन्दै गएको स्वास्थ्यकर्मीहरू बताउँछन् ।

निषेधाज्ञा पालना गराउने सवालमा स्थानीय सरकारको भूमिका शुन्य देखिँदा लापरबाहीसँगै संक्रमणको दर उच्च बनेको इटहरी अस्पतालका चिकित्सक रामकुमार धमला बताउँछन् । लकडाउन गर्ने तर प्रहरी प्रशासनको मात्र भर पर्दा र प्रशासन कार्यालयले पनि मातहतका कार्यालयहरू र संयन्त्रहरूलाई बलियो बनाउन नसक्दा जिल्लामा निषेधाज्ञा कार्यान्वयन लथालिंग बनेको चिकित्सक धमला बताउँछन् । उनले इटहरीमा कोरोना संक्रमणसँगै भाइरल ज्वरोको प्रकोप पनि बढेको बताएका छन् । पछिल्लो एक सातामा ८३ जना भाइरल ज्वरोका बिरामीले अस्पतालबाट सेवा लिइसकेको जानकारी दिए । कोरोना जस्तै लक्षण देखिने भाइरलको पहिचान गरी उपचार गराउनेको संख्या दैनिक बढेको पनि उनको भनाइ छ । मौसम परिवर्तनसँगै चर्को गर्मीका कारण भाइरल ज्वरोको बिरामीहरू बढेको उनले बताए । यता इटहरी र धरानमा निर्माण भएका आइसोलेशन वेडहरू संक्रमितहरूले भरिन थालेका छन् । पिपुल्स मल्टिपल हेल्थ इन्स्टिच्युट इटहरीमा निर्माण गरिएको आइसोलेशन वार्ड संक्रमितहरूले भरिएका छन् । संक्रमणकै कारण खालि हुँदै गाउँका कोभिड अस्पतालहरू पनि अहिले भरिभराउ हुन थालेका छन् ।

स्थानीय स्तरमा यस्तै लापरबाही बढिरहे संक्रमणको अवस्था जटिल र भयावह बनिने चिकित्सकहरूको भनाइ छ । यता धरान उपमहानगरमा नियमित बजार अनुगमन र संक्रमणको अवस्था हेरेर लकडाउन गर्ने तयारी चलिरहेको उपमेयर मञ्जु भण्डारीले बताइन् ।

धरानमा रहेका व्यवसायीहरू देखि सामाजिक व्यक्तित्वहरूले पनि लकडाउन गर्न सुझाव दिइरहेको बेला बजारको स्थिति र संक्रमणको अवस्थालाई नियालेर थप जोखिमबाट बच्न केहि समय तोकेर शहरलाई लकडाउन गर्ने तयारी चलिरहेको धरान उपमहानगरकी उपमेयर भण्डारीले बताइन् ।

त्यस्तै इटहरीमा भने तत्काल लकडाउन गर्ने या नगर्ने भन्ने पक्षमा मत बिभाजन हुँदा स्थानीय सरकार नै अलमलमा परेको छ । व्यवसायीहरू लकडाउन गर्ने पक्षमा रहेका छैनन् भने उद्योग वाणिज्य संघ इटहरीले पनि सहजिकरण नगरिदिँदा स्थानीय सरकार अप्ठ्यारोमा परेको छ । संक्रमणको अवस्थालाई हेरेर अप्ठ्यारा स्थिति देखा परे तत्काल शहरलाई लकडाउन गरिने इटहरीका मेयर द्वारिकलाल चौधरीले बताए । तर अहिले नै त्यो स्थिति नआएको बरू बजारलाई व्यवस्थित बनाउने र नियमित अनुगमनसँगै स्वास्थ्य सुरक्षा सतर्कता अपनाउन लगाउनेतर्फ ध्यान केन्द्रित भएको मेयर चौधरीले बताए ।

यता जिल्ला प्रशासन कार्यालय सुनसरीले पनि निषेधाज्ञाको समय लम्ब्याउँदै आगामी साउन २९ गते सम्म पुऱ्याएको छ । बजार र मुख्य राजमार्ग छाडेर प्रशासन सुनसरीसँग जोडिएको सीमा नाका तिर केन्द्रित भएको र नाकाहरूमा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले मध्यान्हलाई जानकारी गराए । उनले शहरको अवस्था बुझेर के गृने भन्ने कुराको जिम्मेवारी स्थानीय सरकारलाई जिम्मा दिएकोले प्रशासन स्थानीय सरकारसँग सहजिकरण गर्ने बताए ।

# साझा सभामा समुदायका समस्याप्रति सरोकारवालाको प्रतिबद्धता

**बाँके डायरी**
**पवन जयसवाल/मध्यान्ह**



नेपालगञ्जमा आयोजित साझा सभामा स्थानीय समुदायका समस्याहरु तथा समाधानका पहलका बारेमा बिहीबार छलफल गरिएको छ । शिक्षा, स्वास्थ्य, कृषि, विपद तथा सडक व्यवस्थापन र वातावरण लगायतका विभिन्न विषयमाथि छलफल गरी कार्यान्वयनका लागि पहल गरिएको छ । पारस्परिक जवाफदेहिता परियोजना अन्तर्गत सूचना र मानवअधिकार अनुसन्धान केन्द्रले आयोजना गरेको साझा सभामा उठेका विषयमाथि छलफल गरी भएका समस्यालाई सम्बोधन गर्न प्रतिबद्धता गरिएको थियो ।

कार्यक्रममा बाँकेको डुडुवा गाउँपालिकामा शिक्षा क्षेत्रतर्फ अम्रहवा विद्यालयमा विद्यार्थीको न्युन संख्या, नियमित शिक्षक अनुपस्थित, विद्यार्थी ड्रपआउट, मदरसा शिक्षामा कक्षा स्वीकृति, विषयगत शिक्षक दरवन्दी, दिवा खाजा, कृषितर्फ कृषक अनुदान, रासायनिक मल वितरण, सिचाईका समस्या, कोरोना विरुद्धको खोपको व्यवस्थापन, गाउँघर किल्निक तथा खोप व्यवस्थापन, भेरी डिस्टलरीबाट निस्कने दुर्गन्धित फोहरले पारेको असर, टिप्पर आतंक तथा राप्ती नदी र डुडुवामा पुल जीर्ण र आवत जावतमा यात्रुलाई सास्ती भइरहेको लगायतका विषयमा समुदायका सहभागीहरुले आ-आफना समस्याहरु राखेका थिए ।

सभामा जिल्ला समन्वय समिति बाँकेका संयोजक अजयकुमार श्रीवास्तवले मुलुक संघीय पुनर्संरचनामा गएको खुशीको कुरा भएको तर स्थानीय सरकार संचालन तथा व्यवस्थापनका लागि कानून, नीति नियमको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए । उनले स्थानीय सरकारका काम कारबाही गुणस्तरियता तथा प्रभावकारिताका बारेमा अनुगमन गर्न जरुरी रहेको भन्दै स्थानीय तह अन्तर्गत पनि अनुगमनको प्रभावकारी संयन्त्र निर्माण गरी कार्य गर्नुपर्ने बताएका थिए । डुडुवा गाउँपालिका कार्यपालिकी सदस्य लीलावती यादवले कार्यक्रममा समाधान हुन नसकेका विषयलाई कार्यपालिकाले बैठकमा छलफल गरी समाधान गर्न पहल गर्ने प्रतिबद्धता जनाइन् ।

सभामा उठाइएका विषय तथा समस्याहरु प्रति जिल्ला शिक्षा विकास तथा समन्वय इकाई बाँकेका प्रमुख रामसुरेश यादव, कृषि ज्ञान केन्द्र बाँकेका अधिकृत रामप्रकाश यादव, गाउँपालिका शिक्षा शाखा प्रमुख सञ्जय कर्ण, कृषि शाखा प्रमुख सुशील शर्मा, स्वास्थ्य शाखा फोकल पर्सन हेमन्त शर्माले सहभागीहरुबाट आएका कुराको जवाफ दिँदै कार्यान्वयनका लागि प्रतिबद्धता जनाए ।

## अनुगमन तथा मूल्यांकन गोष्ठीमा कोरोनाको अनुभव साटासाट



बाँकेको नेपालगञ्जमा रहेको ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्रले आयोजना गरेको समूहको अनुगमन तथा मूल्यांकन गोष्ठी बिहीबार सम्पन्न भएको छ । ग्रामीण आर्थिक सामाजिक उत्थान केन्द्र नेपालगञ्जले पहिलो चरणमा नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत वडा नं. ३ र १२ मा रहेका बचत समूहका महिलाहरुको लागि उक्त तालिमको आयोजना गरेको थियो ।

केन्द्रकी अध्यक्ष लता शर्माको अध्यक्षतामा सम्पन्न तथा ३५ जना सदस्यहरुको सहभागिता रहेको उक्त गोष्ठीमा वडा नं. ३ र १२ मा रहेका महिला बचत तथा ऋण परिचालन समन्वय समिति अन्तर्गत रहेका विभिन्न महिला समूहहरुको आर्थिक वर्ष २०७७/०७८ को बचत, बचत परिचालन, ऋण लगानी, असुली तथा भाका नाघेका ऋण लगायतको वास्तविक अवस्थाका बारेमा केन्द्रका उपाध्यक्ष तारा केसीले प्रस्तुती गरिन् । केन्द्रकी कोषाध्यक्ष ममता आचार्यले वडा नं. ३ र १२ मा रहेका महिला बचत तथा ऋण परिचालन समन्वय समिति अन्तर्गत रहेका विभिन्न महिला समूहहरुको आर्थिक वर्ष २०७७/०७८ को बचतको वास्तविक अवस्थाका बारेमा जानकारी गराएकी थिइन् ।

सो अवसरमा सामुदायिक स्वास्थ्य सेवा केन्द्रका ल्याव टेक्नीसियन राजेन्द्र कुमार वर्माले कोरोना संक्रमणको परिचय र यसबाट बच्ने उपायका बारेमा जानकारी दिएका थिए । केन्द्रका सचिव पूर्ण लाल चुकेले शुरुमा स्वागत गर्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पारे ।

केन्द्रकी अध्यक्ष लता शर्माले हरेक वर्ष आयोजना गरिने समूहको अनुगमन तथा मूल्यांकन गोष्ठी कोरोना संक्रमण र लामो समयसम्म जारी रहेको लकडाउनका कारण स्थगित रहेको बताइन् । अहिले केही सहज अवस्था भएकोले गोष्ठी आयोजना गरिएको उनले बताइन् ।

अध्यक्ष शर्माले कोरोना संक्रमणले बाँके जिल्लामा मात्र यस वर्ष ७ सय २ जनाको ज्यान लिएको कहालीलाग्दो अवस्था भोगेका हामीले यसबाट केही सकारात्मक कुरा पनि सिकेको भन्दै बेलाबेलामा हात खुट्टा धुने, सरसफाई गर्ने, स्वास्थ्य सतर्कता अपनाउने, अनुशासनमा बस्ने, मास्क लगाएर धुवाँ धुलोबाट बच्ने जस्ता राम्रा कुराहरु पनि अनुसरण गरेको बताइन् । सो गोष्ठीमा सहभागी केन्द्र नं. १ की अध्यक्ष विष्णु माया बुढा, केन्द्र नं. २ की अध्यक्ष हिमा देवी शर्मा, मैसरा ओली लगायतले कोरोना संक्रमणको अनुभव आदान प्रदान गरेका थिए ।


### सिलाई मेशीन लगायतका सामग्रीहरु सहयोग

बाँकेको नेपालगञ्ज उप-महानगरपालिकाले महिलाहरुलाई आयआर्जनमा सहयोग पुग्ने उद्देश्यले सिलाई मेशीन लगायत विभिन्न किसिमका सामग्रीहरु सहयोग गरेको छ । नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका सदस्यहरुद्वारा सञ्चालित कार्यक्रम अन्तर्गत बिहीबार महिलाहरुलाई सिलाई मेशीन, इन्टरलक मेशीन र साईकल सहयोग गरिएको छ । नेपालगञ्ज उपमहानगरपालिका नगरप्रमुख डा. धवल शम्शेर राणाले महिलाहरुलाई सामग्री हस्तान्तरण गर्दै सहयोगलाई सही सदुपयोग गर्न महिलाहरुलाई आग्रह गरेका थिए । उपमहानगरपालिकाले यसअघि तालिम प्राप्त महिलाहरुलाई व्यवसायमा जोड्न सहयोग गरिएको भन्दै डा. धवल शम्शेर राणाले यसबाट व्यक्तिगत र पारिवारिक जीवन सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको जानकारी दिए ।

उपमहानगरपालिकाका सामाजिक विकास शाखा प्रमुख कृष्णप्रसाद जोशीका अनुसार, ७४ जना महिलालाई सिलाईकटाई मेशीन, १२ जनालाई इन्टरलक मेशीन उपलब्ध गराइएको छ । यसैगरी ४९ जनालाई साईकल सहयोग गरिएको छ । दलित, सिमान्तकृत, मधेसी, मुस्लिम, अल्पसंख्यक समुदायका महिलाहरुलाई सामग्री सहयोग गरेको छ । गत आ.व.मा नगरकार्यपालिका सदस्यहरुले सञ्चालन गर्ने कार्यक्रमका लागि १२ लाख रुपैयाँको कार्यक्रम विनियोजन गरिएकोमा कोभिडका कारण आयआर्जन मुलक कार्यक्रम सञ्चालन हुन नसकेपछि यसअघि तालिम प्राप्त महिलाहरुलाई सिलाईकटाई तथा इन्टरलक मेशीन उपलब्ध गराइएको छ ।

नेपालगञ्ज उपमहानगरपालिकामा नगरप्रमुख र उपप्रमुख तथा वडा अध्यक्षसहित अन्य ८ जना कार्यपालिका सदस्य रहेका छन् । सदस्यहरुमा कौसलकुमार धोवी, देउमल सुनार, बसन्ता जोशी, इन्दिरा शाही, नन्कै पठानी, सीमा बैश्य, मञ्जु नेपाली र देवेन्द्रपाल सिंह कार्यपालिका सदस्य रहेका छन् ।

# विशेष राहत प्याकेज कार्यान्वयन गर्न आग्रह




**काठमाडौं/मस-** न्यूनतम पारिश्रमिक निर्धारण समितिले कोरोना संक्रमणबाट प्रभावित श्रमजीवी पत्रकारका लागि विशेष राहत प्याकेज घोषणा गरी कार्यान्वयनमा गर्न सरकारसँग माग गरेको छ ।समितिका अध्यक्ष राजेन्द्र अर्यालको अध्यक्षतामा बिहीबार बसेको बोर्ड बैठकले कोरोना कहरबीच कतिपय सञ्चार प्रतिष्ठानले श्रमजीवी पत्रकारलाई पारिश्रमिक तथा सेवासुविधा उपलब्ध नगराएको, अपायकपर्ने स्थानमा सरुवा गरेको र कतिपयलाई सेवाबाट हटाएको कार्यप्रति गम्भीर चासो व्यक्त गरेको छ । पत्रकारले आर्थिक समस्याका साथै मानसिक यातनाको सामना गर्नुपर्ने भएकाले यस्ता कार्य तत्काल रोक्न सम्बद्ध पक्षलाई बैठकले आग्रह गरेको समितिका अध्यक्ष अर्याललले बताए । बैठकले त्यस्ता कार्य तत्काल रोकी सहज ढंगले काम गर्ने वातावरण निर्माण गर्न सम्बन्धित सञ्चार प्रतिष्ठानलाई ध्यानाकर्षण गराउने र यस्ता कार्य नरोके राज्यले प्रदान गर्ने सेवा सुविधा रोक्न सरकारसमक्ष सिफारिस गर्ने निर्णय पनि गरेको छ । त्यसैगरी कोरोना संक्रमित श्रमजीवी पत्रकारलाई तत्काल राहात प्याकेज उपलब्ध गराउन सरकारसमक्ष माग गर्दै चालू आर्थिक वर्षमा कोरोना सङ्क्रमित श्रमजीवी पत्रकारलाई उपचार खर्च उपलब्ध गराउने, कोरोना संक्रमणका कारण विस्थापित र रोजागारी गुमाएका श्रमजीवी, पत्रकारलाई राहतस्वरुप लेखनवृति उपलब्ध गराउने तथा कल्याणकारी कोष कार्यान्वयन तत्काल गराउन सरकारको ध्यानाकर्षण गराउने निर्णय बैठकले गरेको छ । बैठकले श्रमजीवी पत्रकारको क्षमता अभिवृद्धिका लागि आमसञ्चार प्रशिक्षण प्रतिष्ठान गठन र सञ्चालन गर्न आग्रह गर्ने निर्णय गरेको छ । बैठकले श्रमजीवी पत्रकार सम्बन्धी ऐन बनेको २५ वर्ष हुँदा पनि ऐनको पूर्णरुपमा कार्यान्वयन नभएकाले सरकार, सञ्चार प्रतिष्ठान र सरोकारवाला निकाय सबैलाई अपिल गरेको छ । ऐनको कार्यान्वयनको अवस्था निकै कमजोर रहेको निष्कर्ष निकालेको बैठकले अहिले पनि देशभर नियुक्तिपत्र बिना श्रमजीवी पत्रकारलाई काम गर्न परिरहेकाले सरकारले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने, न्यून पारिश्रमिकमा काम गर्न परिरहेको र समयमा पारिश्रमिक नपाइरहेको जस्ता गुनासा तथा उजूरी समितिमा आइरहनु चिन्ताको विषय भएको ठहर गरेको छ ।

# प्रथम सेनापति बस्न्यातको शालिक निर्माण गरिने

**काठमाडौं/मस-** नेपाल एकीकरणका प्रथम सेनापति शिवरामसिंह बस्न्यातको पूर्णकदको शालिक निर्माण गरिने भएको छ । बस्न्यातले वीरगति प्राप्त गरेको शंकरापुर नगरपालिका-३ स्थित जहरसिंहपौवामा निर्माण हुन लागेको शालिकको आज प्रधानसेनापति पूर्णचन्द्र थापाले शिलान्यास गरेका हुन् । सो स्थानमा उनको पूर्णकदको शालिकसँगै एकीकरण संग्रहालय र उद्यानसमेत निर्माण हुने छ । शालिक, संग्रहालय र उद्यान निर्माणका लागि वडा कार्यालयले साँढे दुई रोपनी जग्गा उपलब्ध गराएको छ ।



कार्यक्रममा प्रधानसेनापति थापाले इतिहास बिर्सिए धर्म, संस्कृति र संस्कार सबै बिर्सने भएकाले नेपाल एकीकरण मार्गलाई संरक्षण गर्ने अभियान शुरुआत गरिएको बताए । गोरखाबाट काठमाडौंसम्मको एकीकरण एवं यस वरपर रहेका ऐतिहासिक किल्ला, गढीको संरक्षण गरेर संग्रहालय, उद्यान, शालिक, स्तम्भजस्ता स्थल निर्माणलाई सेनाले प्राथमिकतामा राखेको उनले बताए । 'सिन्धुलीगढी, जितपुरगढीजस्ता ऐतिहासिक स्थलले नेपाल र नेपालीको अस्तित्व जोगाउन महत्वपूर्ण भूमिका निभाएका छन्, अंग्रेजसँग भएको युद्धमा वीर योद्धाले यी स्थानबाट शत्रु पराजित गरेकाले यिनको संरक्षणमा काम भएको छ, सिन्धुलीलगढीमा संग्रहालय निर्माण भएको छ, त्यसलाई हेरेर यहाँ पनि एकीकरण संग्रहालय निर्माण गर्नुपर्छ' उनले भने ।

एकीकरणमा तराइवासीको भूमिका पनि महत्वपूर्ण रहेको उल्लेख गर्दै उनले सिन्धुलीगढीको युद्धका क्रममा जनकपुरबाट रसद पानी नआएकाले गोर्खाली सेनालाई युद्ध रणनीतिमा सहज भएको तथ्य उल्लेख गरे । बारा र पर्साका मानिसको पनि नेपाल एकीकरण र अंग्रेजलाई हराउन योगदान रहेको उनले स्मरण गरे ।

नगर प्रमुख सुवर्ण श्रेष्ठले पर्यटकीय दृष्टिले महत्वपूर्णस्थल जहरसिंहपौवामा निर्माण गर्न लागिएको एकीकरण अभियानका प्रथम सेनापति बस्न्यातको शालिक, संग्रहालय र उद्यानलगायत संरचनाले यसको महत्वलाई अझ बढाउने विचार राखे । नगरपालिकाको साँगाचोक भन्ने स्थानमा बस्न्यातले वीरगति प्राप्त गरेपछि उनका नाति जहरसिंह बस्न्यातले प्रथम सेनापति शिवरामको स्मृतिमा पौवा बनाएपछि नै यस स्थानको नाम जहरसिंह पौवा रहेको ऐतिहासिक दस्तावेजका आधारमा यस ठाउँको विकास गर्न लागिएको हो । नगरपालिकाले लागू गरेको स्थानीय पाठ्यक्रममा पनि एकीकरण अभियानका पहिलो सेनापति बस्न्यातका बारेमा पाठ समावेश गरिएको छ । कक्षा ७ को व्यक्ति परिचय शीर्षकको पाठ समावेश गरिएको नगरपालिकाको शिक्षा शाखाका पूर्व प्रमुख बोधराज निरौलाले जानकारी दिनुभयो । वडाध्यक्ष सन्तबहादुर वाइवाले पर्यटन र कृषिका माध्यमबाट नगरपालिकालाई समृद्ध बनाउने योजना अनुरुप ऐतिहासिकस्थल जहरसिंह पौवालाई संरक्षण एवं प्रचारप्रसार गर्न लागिएको बताए । सैनिक इतिहासको विषयमा खोज अनुसन्धानमा लाग्नुभएका पूर्व जर्नेल डा प्रेमसिंह बस्नेतले तामाङ राजाले जार काटेर जहरसिंह पौवा नाम रहेको भन्ने स्थानीयवासीमा रहेको भ्रमलाई ऐतिहासिक दस्तावेज तथा प्रमाणका आधारमा मेटाएर शालिक, संग्रहालय र उद्यान निर्माण गर्न लागिएको बताए ।

श्रीपाली बस्नेत समाजको नेतृत्वमा शालिक, सङ्ग्रहालय र उद्यानलगायत संरचना निर्माण गर्न लागिएको हो । कार्यक्रममा समाजका अध्यक्ष पूर्व राजदूत डा निरञ्जनमानसिंह बस्नेतले एकीकरण शुरु भएपछि शिवरामसिंह बस्न्यात प्रथम सेनापति नियुक्त भई ९०० सेनाका साथ गोरखाबाट नुवाकोट, काठमाडौं विजय गर्दै जहरसिंह पौवाबाट पूर्व लागेको बताए । वरिष्ठ पत्रकार श्रीरामसिंह बस्नेतले जहरसिंह पौवाको पनि पुनःनिर्माण गर्न लागिएको जानकारी कार्यक्रममा दिए ।

## सम्पादकीय

# अलमल नगर !

कोरोना महामारीको संक्रमणबाट ज्यान गुमाउने नेपालीको संख्या दश हजार नजिक पुगेको छ । बिहीबार थप ३७ जनाको मृत्यु भएपछि अब नेपालमा संक्रमणबाट मृत्यु हुनेको संख्या ९९९४ पुगेको छ । अघिल्लो लहरको संक्रमण भन्दा मृत्यु भएको संख्या भन्दा दुई गुणा बढीले यसपटक ज्यान गुमाए । २०७८ को आगमनसँगै बढेको दोस्रो लहरको संक्रमणले झण्डै सात हजारले ज्यान गुमाइसकेका छन् । ९ माघ २०७७ मा पहिलो संक्रमण पुष्टि भएको नेपालमा २०७८ जेठ १ मा संक्रमणबाट पहिलो मृत्यु भएको थियो । मृत्यु हुने दर बढेर पहिलो लहरको संक्रमण घट्दै जाँदा तीन हजार नाघेको थियो । तर दोस्रो लहरको संक्रमणबाट चार महिना नबित्दै मृतक संख्या दश हजार नजिक पुगेको छ ।

संक्रमित हुनेको संख्या पनि उच्च दरमै छ । बिहीबार थप तीन हजार सात जनामा संक्रमण पुष्टि भएको छ । यो सहित मुलुकमा संक्रमित हुनेको संख्या लाख लाख ८ हजार ७९ पुगेको छ । त्यसमध्ये ६ लाख ६३ हजार ६६३ जना संक्रमित निको भएका छन् । अझै ३४ हजार ४२२ जना संक्रमित उपचारत छन् । कोरोना संक्रमणका कारण भएका मानवीय असर र क्षतिको अवस्था हो, यो । महामारीका कारण उत्पन्न मनोवैज्ञानिक असरको कुनै मापण छैन । कोरोना महामारी रोकथामका निमित्त महिनौ लकडाउन र निषेधाज्ञा गर्नु परेको छ । जसको कारण मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक लगायत क्षेत्र अस्तव्यस्त बनेको छ । अझ सरूवा रोग विशषेज्ञहरूले तेस्रो लहरको चेतावनी दिइरहेका छन् ।

यसबेला मुलुकको ध्यान तेस्रो लहरको संक्रमणबाट नागरिकको जीवन रक्षा र मुलुलाई सामान्यकालमा फर्काउनु राष्ट्रिय दायित्व हो । तर मुलुक भने अहिले पनि संक्रमणसँग सम्बन्धीत मानवीय समस्या हल गर्नेतिर नभएर राजनीतिक संकट हल गर्ने प्रयत्नमै छ । कोरोना महामारीकै अवधिमा नेतृत्वको अकर्मण्यताका कारण दुई पटक संसद् विघटन भयो, दुई तिहाइ नजिकको संसदीय बहुमत प्राप्त सरकार बदलिने अवस्था बन्यो । अहिले संसद्को दोस्रो दल नेपाली काँग्रेसको नेतृत्वमा गठबन्धन सरकार बनेको छ । यो सरकारको दायित्व पनि मुलुकलाई सामान्यकालतिर फर्काउनु नै हो । तर शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएको तीन साता नाघिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । चार वटा बाहेक सवै मन्त्रालयको बोझ प्रधानमन्त्री देउवाको काँधमा छ । यसको प्रमुख कारण भनेको गठबन्धन बीच सत्ता समीकरणमा सहमति हुन नसक्नु नै हो । अतः यसतर्फ सरकारले गम्भीर भएर सोच्नुपर्नेछ । नागरिकको जीवनरक्षा सरकारको पहिलो दायित्व हो ।

## सामाजिक सञ्जाल



वैकल्पिक राजनीतिका फरकधार : १) पुरानै राजनीतिको शैलीमा सत्ता-अवसरको विकल्प, २) मूलतः सहर केन्द्रित राजनीतिक/सामाजिक अभियान, ३) रूपान्तरणकारी/परिणाममुखि राजनीतिको विश्वसनीय शक्ति । १) र २) प्रयोग भएर असफल भएको अवस्था । अब बाँकी ३), जस्ले विचार, एजेन्डा र कार्यशैलीमा नवीनपन खोजेको छ ।

- **सुर्यराज आचार्य**



महराकी गर्लफ्रेन्डको बार्गेनिङ मिलेन र बलात्कार अभियोग लगाइयो । सो बेला त्यहाँका प्रशस्त प्रमाणहरू समेत मिडियामा आए । पछि मेरो मानसिक सन्तुलन ठिक नहुँदा के-के बोले थाहा भएन महरा जी बाउ सरह हो भनिन् । आजको बिमला काण्ड पनि त्यै हो । अहिलेको राजनीति निकै नै असभ्य र गन्हाउने भएको छ ।

- **दिपक बस्याल**



एमाले अपहरणकारीको पार्टीमा दर्ज भएकै हो त ? महेश बस्नेत पछि शंकर पोखरेल ! हैट ! राजनीतिमा नैतिकता भन्ने चीज हराएको हो त ? पद पावर सत्ता गुन्डागर्दी र पार्टीको आड लिएर जे गरेनी छुट । अनि सरकार मुखमा पानी हालेर बस्ने, कारबाही हुनुपर्छ कि पर्दैन ? नालायक बेसरमहरू हो ।

- **राधिका सुवेदी**



रेल नै सञ्चालनमा नआएको अवस्थामा रेल विभाग खोलेर गुरू भट्टराईलाई विभागको महाप्रबन्धक बनाएर जागिर खुवाए जस्तै थियो भूमी आयोग । खारेज भयो, देउवा सरकारले ठिकै गरेछन् । किनकी बार्दली बाका सन्तानहरूले आयोगको नाममा १६ महिनामा २२ करोड जति खर्च गरेछन् । बिचरा भूमिहिनहरू ट्वाँ !

- **सुरज गुरुङ**



तराईमा नागरिकता अनि जातियता अनि हिमाल पहाडमा जातियता र गरिबी नहुने हो भने हाम्रा साइला, साइली हजुरबा हजुरआमा उमेरका नेताजीहरूले कुन एजेन्डालाई लिएर राजनीति गर्दा हुन् । विकास गर्नै भएन गरिबी र अशिक्षामै यीनको राजनीति मौलाउने हो । भ्रष्टाचार गर्ने एजेन्डा सिधै भन्न भएन । पीडा छ यीनलाई ।

- **कृष्ण अर्याल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# व्यवहारमा नारी अधिकार

जबसम्म पुरुषहरुले आफ्नी श्रीमती निर्जीव होइनन्, सजिव हुन्, मेरो जे चाहना र इच्छा हुन्छन् उनका पनि त्यस्तै हुन्छन् । मैंले जे गर्न सक्छु, उनले पनि त्यस्तै काम गर्न सक्छिन् । यति मौका दिएमा, उनको कामको अनि भावनाको सम्मान गरेमा, उनका हरेक काममा साथ र हौसला दिएमा भन्ने उनीहरु पनि धेरै गर्न सक्छन् । अनि परिवार र समाजमा सकारात्मकताको फुलहरु धेरै फुल्न पाउँछन् र संसार सुन्दर बन्छ । यति नसोच्दासम्म जति नै महिलालाई अधिकार दिएको छु र सम्मान गरेको छु भनेर बाहिर फुकेर मात्र महिलाप्रति हेरिने दृष्टिकोण र व्यवहार परिवर्तन हुँदैन ।



● चन्दा थापा (चन्द्रिका)

### घटना नं. १

तपाईं किन ढिलो आउनु भयो ? उनको मुखबाट यत्ति मात्र के फुस्किएको थियो उनले 'तलाईं के मतलब म जतिबेला आएपनि ? भन्दै भक्कु कुट्न थाले । उनी 'ऐया आमा र बाबा' भन्दै रुन थालिन् । केही समयको कुटाइ र श्रीमतीको रुवाईपछि उनले पुनः फकाउन थाले । 'भयो नरोउ अब' ।

यो घटना हो मेरी छिमेकीको । भर्खर बिहे गरेका छिमेकी भाइले आफ्नी श्रीमतीलाई कुटेको र उनी रोएको सुन्दा यस्तो लाग्यो जसरी श्रीमानले उनलाई कुटे उनले किन कुट्न सक्दिनन् ? किन उनले जवाफ फर्काउन सक्दिनन् ? ती बहिनी सरकारी जागिरेसमेत हुन् । स्थानीय निकायमा जागिर खान्छिन् । महिनामा तलबसहित ३० देखि ४० हजार सहज तरिकाले कमाउन सक्छिन् । तर पनि उनले रातोदिन श्रीमान्को कुटाइ र हेपाइ खाएर बस्नु परेको छ ।

### घटना नं. २

एउटा साथीले आफैं किराना पसल चलाउँछिन् । दिनभरी पसलमा काम गर्छिन् र बेलुकी घर जान्छिन् । तर, बिहान ७ बजे खाना पकाएर छोराछोरी र श्रीमानलाई खुवाएर पसल जाने उनी दिनभरी पसलमा पनि काम गर्छिन् । अनि बेलुका ६ बजे हतार-हतार घर पुगेर फेरि साँझको खाना बनाउन थाल्छिन् । दिनभरी पसलमा काम गर्दा थाकेकी उनलाई घरमा पुगेर श्रीमान अथवा छोराछोरीले पकाएर राखिदिएको मिठो खाना खानु छैन अनि सफा सुग्घर बनाएर राखेको घर र भान्सा देख्नुछैन । फोनमा गफिएर चुरोट पिउँदै गरेका श्रीमान भन्छन्- अझ यता दुख्यो र उता दुख्यो भन्दै बस्छेस् के काम गरिस् र पसलमा दिनभरी ? पसलको भाडा मैंले तिरिदिनु परेको छ, खाना खर्च मैले दिनु परेको छ, अझै के ठूली हुन्छेस् दिनभरी रमै पलंगमा बस् न किन जानु पर्यो पसल ?

उनको अपेक्षा हुन्छ- दिनभरी थाकेर आएकी छौं, मैले खाना बनाउँछु, तिमी हात खुट्टा धोएर आराम गर । खोइ कहाँ दुख्यो म माडिदिउँ अथवा यस्तै यस्तै मायाका कुरा गर्लान । आखिर मानब जीवन हो । जीवनमा आफ्नो भनिनेसँग धेरै आसा हुन्छ । तर उनले श्रीमानबाट आफुले चाहेको जस्तो व्यवहार नपाउँदा डिप्रेशनमा जाने अवस्थामा पुग्न थालेकी छन् । भन्छिन्- म त दिदी डिप्रेसनमा जान थालिसके ।

उनले त आजभोली श्रीमानबाट पाउनुपर्ने हक पनि मलाई दिन सकेका छैनन् । बिहे गरेर ल्याएपछि श्रीमानहरु, श्रीमतीलाई कुनै वस्तु किनेर ल्याएको हो र त्यसलाई जसरी चलाए पनि हुन्छ, दवाए पनि हुन्छ, गिजोले पनि हुन्छ लात्तिले हाने पनि हुन्छ भनेर सोंच्छन् । मैंले उनीबाट सुख कहिल्यै पाइन् । बाहिरतिर कोही मान्छेलाई साथि बनाउ भनेपनि मेरी आमाले दिएको संस्कारले बाहिरी पुरुषमाथि मन लगाउन मान्दैन । त्यो पाप हो जस्तो लाग्छ ।

### घटना नं. ३

छिमेककै एउटा बहिनी दिनभरी अफिसमा काम गर्छिन् । घर फर्किदा हस्याङ/फस्याङ गर्दै तरकारी बोकेर आउँछिन । घरमा आउँदा जुठा भाडा असरल्ल हुन्छन् । छोराछोरी खान नपाएर भोकले लल्याक-लुलुक हुन्छन् । अनि भान्सामा केही रारा र वाइवाइ चाउचाउका पोका र केही खोलेका र छरिएका हुन्छन् । उनी भन्छिन्, 'दिदी तीन-चारवटा घरमा काम गर्नुपर्छ । यो छोराछोरीको भविष्यका लागि सहरमा आएर संघर्ष गरे तर, श्रीमानले बुझ्दैनन् । के गर्ने म दिनभरी अर्काको घरमा भाडा माझेर बस्छ, ज्यामी काम गर्न गएका श्रीमान टन्न रक्सी खाएर आउँछन् । घर आएपछि पनि मासु ल्याएर पकाइदिनुपर्छ । उनलाई मिठो खुवाउनु पर्छ राति सुत्नका लागि पनि तयार हुनुपर्छ । तर उनले एकबचन तिम्रो शरीरलाई सन्चो छ ? भनेर सोधेको थाहा छैन । बरु उनकै लागि तेल तताएर ज्यान माडिदिनुपर्छ । अनि उनी कुनातिर फर्किएर घुर्दै निदाउँछन् ।'

यी तीनवटै नारी आफुले दुःख सुख गरेर केही पैसा आर्जन गर्छन् । छोराछोरीको गर्जो टार्छन् । तर उनीहरुको आफ्नो अस्तित्व के हो भन्ने उनीहरुलाई थाहा छैन । अनि श्रीमानले पनि उ पनि मान्छे हो, उसका पनि इच्छा आकांक्षा हुन्छन्, उसले पनि खुला आकाशमा पंक्षी सरह उड्न पाउनुपर्छ, प्रश्न सोध्ने अधिकार उसको पनि हुन्छ, घर व्यवहार जान्ने हक उसको पनि हुन्छ, त्यसमा मैले के सक्छु साथ दिनुपर्छ भनेर सोच्नुपर्ने जीवनसाथीले त्यस्तो सोंचेको पाइँदैन ।

> “कतिपय श्रीमतीहरु पनि बाहिर जाने, तास खेल्ने, श्रीमानले कमाएको पैसा उडाउने, श्रीमानले माया गर्दागर्दै पनि बाहिरी अरुसँग हिँड्ने गरेको पनि पाइन्छ । कुनै कुनै महिलाले त श्रीमानको श्रम र सम्पत्तिसमेतमा मोज गरेर घर न घाट बिल्लिबाठ बनाएका समाचार पनि बढिरहेकै छन ।



हुन त पछिल्लो समय कतिपय श्रीमतीहरु पनि यसरी नै बाहिर जाने, तास खेल्ने, श्रीमानले कमाएको पैसा उडाउने, श्रीमानले माया गर्दागर्दै पनि बाहिरी अरुसँग हिँड्ने गरेको पनि पाइन्छ । कुनै कुनै महिलाले त श्रीमानको श्रम र सम्पत्तिसमेतमा मोज गरेर घर न घाट बिल्लिबाठ बनाएका समाचार पनि बढिरहेकै छन । तर, त्यसमा उनलाई त्यस्तो काममा सहयोग गर्ने पनि पुरुषकै हात हुन्छ । उनीहरु घरमा रहेका आफ्नी श्रीमतीलाई दाम्लोले बाँधेको जनावर जस्तो सम्झिएर बाहिर अरुका श्रीमतीलाई आँखा लगाउने र उनीहरुसँग अनैतिक सम्बन्ध राख्न पनि पछि पर्दैनन् । त्यसरी नै ती महिला र आफ्नो घर बिगारिरहेका धेरै पुरुषहरु पनि छन् ।

